# संकल्प

नयाँ वर्ष विशेष

मध्यान्ह । ३१ चैत २०८१, आइतबार । 13 April 2025, Sunday


# संसारले देख्नुपर्ने नेपाली ध्वजा




मदनकुमार श्रेष्ठ


विशेषगरी संसारभर पुगिसकेका युवा पंक्ति देशका शक्ति र संकट दुवै हुन् । संसारका विकसित देशहरूमा नेपालीहरूले आर्जन गरिरहेका ज्ञान, सीप र धनलाई नेपालले आफ्नो हितमा उपयोग गर्न नसक्नु चुनौती हो

नेपालको राजनीतिक इतिहासमा हरेक दशकले एउटा नेतालाई प्रभावशाली बनाउने र उनकै वरिपरि देश घुम्ने गरेको छ । राणा शासन अवधिसम्म राणा प्रधानमन्त्री नै देशका सर्वोच्च कार्यकारी शक्ति रहे । राणा परिवारको सोच र चाहना नै देशको परिचय बन्यो । राजालाई खोपीको देउता बनाएर राखियो ।

राणा शासनविरोधी आन्दोलनबाट विश्वेश्वरप्रसाद कोइराला उदाए । सम्बत् २००० को दशक बीपी कोइरालाको वरिपरि घुम्यो । सशस्त्र विद्रोह, राजासँग सहकार्य र दिल्ली सम्झौता हुँदै २००७ सालमा प्रजातन्त्र स्थापना भयो । २०२० को दशक फेरि महेन्द्रको हातमा पुग्यो । राजनीतिको मियो र सर्वाधिकार राजा महेन्द्र नै बने । २०१५ सालको पहिलो आमचुनावबाट दुई तिहाइ सिट जितेर बीपी कोइराला प्रधानमन्त्री बने पनि राजनीति महेन्द्रबाटै प्रभावित रह्यो ।

२०३० को दशक झापा विद्रोह र सीपी मैनालीको वरिपरि घुम्यो । २०४० को दशकमा मदन भण्डारी उदाए र स्थापित भए । संयुक्त जनआन्दोलन, वाम मोर्चा, कांग्रेस-कम्युनिस्ट सहकार्य, २०४७ सालको संविधानसहितका महाघटनाहरूको इपिसेन्टरमा मदन भण्डारी रहे । २०५० को दशकमा गिरिजाप्रसाद कोइराला र २०६० को दशकमा पुष्पकमल दाहाल 'प्रचण्ड' प्रभावी रहे ।

२०७० को दशकसँगै केपी शर्मा ओली उदाए । झापा विद्रोहकै नेता ओली ४ दशकपछि मुलुकको सर्वाधिक प्रभावी नेता बन्न पुगे । संविधानसभाबाट संविधान जारी गर्न लिएको अडानकै कारण उनी सर्वाधिक प्रभावी नेता भए किनकि मुलुकको आन्तरिक मतभेद र भारतीय दबाबका कारण संविधान निर्माणमा अलमल भइरहेको थियो । पहिलो संविधानसभाको असफलतासँगै मुलुक अन्योलतिर धकेलिँदै थियो । तर, नेकपा एमालेका अध्यक्षका हैसियतले ओलीले संविधान जारी गर्ने अडान लिए, जसबापत मुलुकले भारतीय नाकाबन्दी खेप्नुपर्‍यो । तर, भारतीय संस्थापन सामु नझुक्ने अडान लिए । भारत आफैं गल्यो र नाकाबन्दी हटायो ।

नाकाबन्दी हटाएको भारतीय संस्थापनले नेपाली भूमि कालापानी मिचेर चीनसँग जोड्ने सडक खन्यो । जबाफमा प्रधानमन्त्रीकै हैसियतमा ओलीले लिपुलेकसहितको भूगोल समेटेर नेपालको नयाँ प्रशासनिक-राजनीतिक नक्सा जारी गर्ने पहलकदमी र नेतृत्व लिए ।

अर्थात्, सम्बत् २०७० को दशक ओलीको वरिपरि घुम्यो भन्न सकिन्छ । शक्तिशाली नेपाल कम्युनिस्ट पार्टी (नेकपा) निर्माण, उक्त पार्टीको विघटन र एउटै दशकमा ४ पटक प्रधानमन्त्री बन्नुले पनि ओली ७० को दशकमा हाबी रहेका भन्न सक्छौं ।

यसर्थ आमसमस्याको निरूपण र नयाँ मार्गदर्शनका निम्ति सधैं नायकको खोजी गर्ने चिन्तन संस्कृतिले सम्बत् २०८० को नेता खोज्न थालिसकेको सहज अनुमान लगाउन सक्छौं ।



बितेका केही वर्षदेखि पुराना नेतृत्व भर्सेस नयाँको बहस चल्नु नेताकै खोजी अभ्यास हो । गैरदलीय जनप्रतिनिधिको आकर्षण, संसद्‌मा नयाँ शक्तिहरूको उदय र पुनरुत्थानवादी (राजावादी) गतिविधिको संघर्ष-संक्रमणले पनि समाज नयाँ नेतृत्व खोजीको प्रसवमा रहेको विश्लेषण गर्न सक्छौं ।

## एकल नायक !

देश हाँक्ने भावी नेतृत्वको दाबी गर्नेहरूको पनि अहिले होड नै छ । नयाँहरूले स्वाभाविक दाबेदार आफूहरूलाई ठानिरहेका छन् । तर, पावर पोलिटिक्समा दाबीभन्दा परिस्थिति महत्त्वपूर्ण हुन्छ । त्यसैले, नेताको उमेर, पार्टी स्थापनाको समय अथवा अरू कुनै मानकका आधारमा भावी नेतृत्वबारे आँकलन गर्नु परिपक्व कुरा होइन ।

लोकतान्त्रिक गणतन्त्रको अर्थ नै हरेक नागरिक मुलुकका सार्वभौम शक्ति हुन् र सम्पूर्ण नागरिकको प्रयासमै समृद्ध मुलुक संभव छ भन्ने हो । भलै, नायकबिनाको समाजले गति लिँदैन भन्ने एकथरि विश्लेषण हुने गरेको छ । तर, यो विश्लेषण पनि पूर्ण होइन किनकि संसारभर चलिरहेको गणतान्त्रिक अभ्यास हेर्दा निश्चित व्यक्ति नभएर प्रक्रिया र आमजनमतले जितिरहेको देखिन्छ । जहाँजहाँ व्यक्तिवादी (लामो समय सत्तामा रहेर) राजनीति चलिरहेको छ, त्यहाँत्यहाँ कुनै न कुनै प्रकारका विद्रोह भइरहेका छन् ।

दक्षिण एसियामै पनि श्रीलंका र बंगलादेशको घटनालाई व्यक्तिवादी राजनीतिले बद्‌नामीपूर्ण पराजय खेप्नुपरेको उदाहरणका रूपमा लिन सक्छौं । सिरिया अर्को बलियो उदाहरण हो ।

अमेरिकामा रिपब्लिकन र डेमाक्रयाट पार्टीबीच चलिरहेको आलोपालो जित-हारको परिस्थितिले पनि व्यक्ति नभएर प्रक्रिया र प्रणाली महत्त्वपूर्ण रहेकै तर्क गर्न सक्छौं । छिमेकी भारतमा नरेन्द्र मोदी भन्दा पनि हिन्दु एजेन्डा र भारतीय राष्ट्रिय कंग्रेसमा रहेको परिवारवादविरुद्धको जनमत प्रकट भइरहेको देख्न सक्छौं । भलै, उत्तरी छिमेक चीन एक अपवाद घटना हो ।

तसर्थ, नेपालले खोज्नुपर्ने र हिँड्नुपर्ने बाटो एकल नायकको खोजी नभएर गणतान्त्रिक संस्कृति/प्रणाली स्थापित गर्दै स्पष्ट संकल्प निर्माणतिर हो । विगतका नजिर र वर्तमानका अभ्यासहरूले पनि त्यही भन्छन् । संघीय गणतान्त्रिक व्यवस्था स्थापनापछि र अघिको दृश्यलाई तुलना गर्दा पनि अहिले हामीले उपभोग गरिरहेको प्रणाली नै उत्तम पुष्टि हुन्छ । अहिले देशका राष्ट्र प्रमुख, कार्यकारी प्रमुख र अरू जुनसुकै शासकीय संरचनामा रहेकालाई सामान्य नागरिकले सामाजिक संजाल अथवा अरू माध्यमबाट प्रश्न गर्न सक्छन् ।

जन्मका आधारमा नभएर संविधान र सामाजिक समानताका आधारमा अवसरहरू वितरण हुन थालेका छन् । कम्तीमा हाम्रा नेता सही छन् अथवा गलत भन्ने बहस हुन सकिरहेको छ । तसर्थ, देशले अब एकल नायक नभएर प्रणालीको सबलीकरणलाई प्राथमिकतामा राख्नुपर्छ ।

## सबल राष्ट्रिय ध्वजा

विकसित मुलुकहरूको अभ्यासले पनि प्रणालीको सुदृढीकरणमै समाजको समृद्धि निर्भर रहने देखाउँछ । तर, जतिसुकै सुन्दर भए पनि प्रणाली आफैं जोगिँदैन । भनिन्छ- हरेक प्रणालीको आयु स्वयं उसकै निर्णयहरूले निर्धारण गर्छ । त्यसैले, वर्तमान प्रणालीको रक्षा अथवा विनाश पनि यसका निर्णयहरूमा भरपर्छ ।

तसर्थ, वर्तमान प्रणालीलाई कसरी बलियो बनाउन सकिन्छ भन्ने सोच्न आवश्यक छ । सच्याउने प्रक्रिया कमजोरी पहिचानबाट सुरु हुन्छ । कमजोरीलाई चुनौती पनि भन्न सक्छौं । अतः हाम्रो देशका चुनौती भनेका नेपालीले खेप्नुपरिरहेका समस्याहरू हुन् । स्वास्थ्य, शिक्षा, खाद्य सुरक्षा, सामाजिक न्याय, भौतिक पूर्वाधारका असुविधा हुन् ।

विशेषगरी संसारभर पुगिसकेका युवा पंक्ति देशका शक्ति र संकट दुवै हुन् । संसारका विकसित देशहरूमा नेपालीहरूले आर्जन गरिरहेका ज्ञान, सीप र धनलाई नेपालले आफ्नो हितमा उपयोग गर्न नसक्नु चुनौती हो ।

अझ बदलिँदो भू-राजनीतिक नीति सामु नेपालले आफ्नो राष्ट्रिय ध्वजालाई सशक्त बनाउनुको विकल्प छैन । अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले 'अमेरिका पहिलो' नीति लिएका छन् । युरोपकै देशहरू पनि आफ्नो देशको सशक्तीकरणलाई जोड दिइरहेका छन् । संसारकै पहिलो शक्ति बन्ने दौडमा रहेको चीनले 'चिनियाँ विशेषताको समाजवाद'लाई लक्ष्य बनाएको छ ।

विगतमा देशहरूबीच सहकार्यका अनेक फोरम थिए । विश्वव्यापी संगठन, क्षेत्रीय र उपक्षेत्रीय संगठनहरू बनेका थिए । कम्युनिस्ट, समाजवादी र धार्मिक शक्तिहरूले त अर्को देशमा लड्न/भिड्नसमेत जाने गरेका थिए । अहिले बदलिँदो भू-राजनीतिमा हरेक देशले आफ्नो ब्रान्ड स्थापित गर्न खोजिरहेका छन् ।

नेपालले पनि आफ्नै देशको पहिचान सशक्त बनाउनुको विकल्प छैन । विशाल जनसंख्या र अर्थतन्त्र रहेका २ छिमेकीहरू (चीन र भारत) हुनुको लाभ उठाउनेगरी दीर्घकालीन नीति निर्माण गरिनुपर्छ । नयाँ वर्ष २०८२ को संकल्प गरिरहँदा देशले देख्नुपर्ने सपना बिर्सनु फेरि पनि परिपक्व कुरा होइन । नयाँ वर्ष २०८२ को हार्दिक शुभकामना !







# उपेक्षित माडी पर्यटन र अनधिकृत होमस्टे



डा. उद्धव पुरी

> धार्मिक र सांस्कृतिक पर्यटनको विशेष गन्तव्य बनाउन सकिने र त्यसका सकारात्मक पक्ष बढ्दै गएको माडीको होमस्टे विश्व होमस्टेको स्तरमा फैलिन र फैलाउन सक्नु सबैको चाहना र सम्बन्धितको दायित्व बन्नुपर्छ

सनातन धर्म र संस्कृतिका उद्गमस्थलहरूमध्ये पश्चिम नेपालको हालको चितवन देवघाट र माडी महत्त्वपूर्ण स्थानहरू रहेका क्षेत्रहरू हुन् । धार्मिक ग्रन्थहरूमा पौराणिककालदेखिकैविषयगत कुराहरू यहाँ जोडिएका छन् ।

मानव वस्तीको विकासपछि पवित्र धार्मिक स्थलहरूका रूपमा यी स्थानहरूको नाम प्रायः सबै पुराण वा ग्रन्थ र भाष्यहरूमा छन् । कतिपय नाम अहिले पनि उही छन् भने कतिपय नामहरू विभिन्न कालखण्डमा परिवर्तन हुदै आएका देखिन्छ । पवित्रताको हिसाबमा सनातन धर्मावलम्बीहरूका लागि संसारमा देवघाटजत्तिको पवित्रस्थल अन्त नभएको कुरा विभिन्न धर्मग्रन्थहरूले उल्लेख गरेका छन् । त्यसरी नै हालको माडीका विभिन्न स्थानहरू विष्णु, पाण्डव, राम सीतालगायतका देवी-देवता, आदर्श पुरुष र तिनका नामबाट प्रचलित धार्मिक स्थलहरू यहाँ छन् ।

राजा दशरथको राज्य अयोध्या, जहाँ राम उनका पुत्रका रूपमा जन्मेका थिए, यही नै उनको राम राज्य थियो । हालको माडी नाम शब्दलाई माण्डप ऋषि वा थारू भाषासँग पनि जोडिएर हेरिएको छ । सोमेश्वर पर्वत, अयोध्यापुरी, रियु वा सरयु नदी, विभिन्न कुण्ड, ताल, द्रौपदी इनार जस्ता धेरै कुराहरू प्राचीन शास्त्रहरूले उल्लेख गरेअनुसार ती सबै स्थानहरू यही वा हालको माडी नगरपालिकाभित्र र वरपर नै पर्छन् ।

तर, विभिन्न काल खण्डमा भएका अनेकौं परिवर्तनले कतिपय पौराणिक वा प्राचीन र ऐतिहासिक निर्माणहरूलाई भग्नावशेषका रूपमा परिणत गरिदिएका देखिन्छ। शास्त्रीय प्रमाण र अवशेषहरू भेटिँदा पनि केन्द्रीय र स्थानीय सरकार अपारदर्शी डरमा परेर होला, आधिकारिक रूपमा लुम्बिनी र कपिलवस्तुमा झैं पुरातत्त्विक उत्खनन र अध्ययन गर्न हतार नगरी बसेको देखिन्छ ।

माडीको आध्यात्मिक एवं धार्मिक पक्ष त छँदै छ, त्यसरी नै तिनै धर्मग्रन्थहरूले माडीको प्राकृतिक सुन्दरता र महत्त्वका बारेमा गरेको उल्लेख पनि अहिलेसम्म त्यतिकै सुन्दर देखिन्छ । वरपर डाँडाले घेरिएको र हालको चारकोसे झाडीले बेरिएको माडी ऐतिहासिककालदेखि नै सुन्दर र त्यतिकै महत्त्वको क्षेत्र मानिन्छ । ठोरी र माडीको जंगल हाल राष्ट्रिय निकुञ्जको रूपमा परिचित जंगल हो। भारत र नेपालको सीमामा रहेको यस क्षेत्रको दुवै राज्यमा ठोरी नामक प्रचलित क्षेत्र रहेको छ । यी क्षेत्रहरू भारतीय र नेपालका शासकहरूको सिकार क्षेत्र पनि हो ।

नेपालको इतिहासमा अंग्रेजहरूले भारतमा उपनिवेश चलाउँदा ठोरीसम्म रेलमार्ग भएकाले जंगल भ्रमण र सिकारका लागि यही नाकाबाट विदेशीहरूसमेत आउने-जाने गरेका देखिन्छ । राणाकालमा बेलायतका राजा माहाराजा र अन्य विदेशी पाउनाहरूलाई यहाँ सिकार खेल्न बोलाइएको विश्व प्रसिद्ध सिकारका प्रसंगहरू पनि माडीसँग जोडिएका छन् ।

हाल पनि यो क्षेत्र सांस्कृतिक र प्राकृतिक पर्यटनका विभिन्न पक्षसँग जोडिँदै आएको छ र विकसित गर्ने क्रम चलिरहेकै छ । अहिले भरतपुरदेखि नेपाल र भारतको सीमा ठोरीसम्म हुलाकी राजमार्गको रूपमा बाटो चौडा हुँदै छ र यही मार्ग भएर पूर्वी नेपालको वीरगंजलगायतको ठाउँ पुग्न पनि सहज हुँदै छ । विश्व पर्यटनको गन्तव्यका परिचित स्थानहरूमध्ये नेपालको चितवन पनि पर्छ। सौराहा, जहाँ धेरै पर्यटकहरूको आगमन भइरहेको छ। त्यसरी नै माडी नजिक कसरा, जगत्पुरमा पर्यटकीय विकासको थप प्रगति भइरहेको छ । यहीँ हुँदै मोटरबाट राष्ट्रिय निकुञ्जको जंगलको करिब १ घण्टाको बाटो पार गरेपछि माडी पुग्न सकिन्छ ।

पहिलेका विभिन्न गाउँपालिकाहरूलाई समावेश गरी हाल माडी नगरपालिकाभित्र प्रायः सबै आध्यात्मिक र प्राकृतिक स्थानहरू समेटिएका छन् । तर, विकास र सुविधाका नाममा भने माडी नगरपालिका भारतपुको दाँजोमा ज्यादै कमजोर मानिन्छ ।

कृषि नै यहाँको मुख्य पेसा र आय स्रोत बनेको छ । केही मात्रामा अयोध्याको प्रसंग उठान र आन्तरिक पर्यटनको विकाससँगै यहाँ मानिसहरूको आवतजावत बढिरहेको छ। यहाँका १, २, ३, ४, ५ र ६ नं. वडामा मुख्य रूपमा सदियौंदेखिका पुराना वासिन्दा थारूहरूकै बाहुल्य छ भने बोटे, दराई, चेपाङलाई पनि यहींका बासिन्दा मान्नुपर्छ।

औलो उन्मूलनपछि चितवनमा पहाडियाहरू वा अन्यत्रबाट बस्ती बढ्न थालेसँगै माडीमा पनि विभिन्न जातिहरू एकल र समूहमै बसाइँ सरेका देखिन्छ । पर्यटकीय गतिविधि र जग्गा किनबेचका कारण यहाँ मानिसहरूको चहलपहल दिनदिनै बढिरहेको छ ।

हालसम्म यहाँको केन्द्र वसन्तपुर बजार र त्यसको आसपास केही परम्परागत लज, केही पर्यटकीय स्तरका रिसोर्ट भनी संचालनमा रहेका होटेलहरू छन् । त्यसपछि बाक्लो बस्ती भएको र पर्यटकीय चहलपहल हुने स्थान वरपर रहेका विभिन्न जातजातिहरूले होमस्टे संचालन गर्न थालेका छन् । लगभग ९-१० वर्षदेखिको उनीहरूको इतिहास बनेको छ ।

केही ठाउँमा ठूला होटेलहरू बन्ने क्रम र बनाउन पृष्ठभूमि तयार पार्दै गरेको पनि देख्न सकिन्छ ।

नेपालको परिप्रेक्ष्यमा पर्यटन र होमस्टेलाई बुझ्ने तथा त्यसको संचालन विधि र उद्देश्यको भिन्नता जान्ने र सोहीअनुरूप विकास गर्दै लैजाने सरकार र विज्ञको अभाव देखिन्छ। केही पर्यटनका कथित विज्ञ र पर्यटन ज्ञानले कमजोर पर्यटन व्यवसायीहरूले होमस्टेलाई होटलहरूको अभावमा र कम बजेट भएका यात्रु वा पर्यटकलाई थेग्ने माध्यम बनाएको देखिन्छ ।

सरकारले निर्माण गरेको होमस्टे कार्यविधि पनि यसैको केही हदसम्म सिकार बनेको छ, जसले गर्दा नेपालका होमस्टेहरू विश्व पर्यटन र विश्व पर्यटन संगठनको परिभाषित स्वरूपअनुसार संचालन हुन सकेका देखिँदैन । पर्यटनसँग जोडिँदै विकसित हुँदै आएको होमस्टे त्यसका पाहुनाहरू अधिकांशले होमस्टेको मूल मर्मलाई बुझ्न सकेका पनि देखिँदैन ।



होमस्टेसम्बन्धीको प्राप्त अपर्याप्त र अपूर्ण ज्ञानका कारण होमस्टे संचालकहरू आफैंले पनि यसको वास्तविकतालाई त्यति धेरै व्याख्या गर्न सक्दैनन् । स्वअध्ययन र अन्य माध्यमबाट जानकारी भएकाहरूलाई पनि सरकार र स्थानीय निकायबाट प्रदान गरिएको तालिम, सहयोग र उपलब्धताले केही भ्रम सृजना पनि गरिदिएको छ ।

पश्चिम नेपालमा संचालित होमस्टेको दाँजोमा माडी क्षेत्रमा संचालनमा रहेका होमस्टेहरू होमस्टेको वास्तविक अवधारणाभन्दा अलि भिन्न रूपमा विकसित हुँदै छन् । माडीमा संचालनमा रहेका होमस्टेमध्ये केहीलाई छाडेर हेर्ने हो भने, अधिकांश लजका रूपका जस्ता देखिन्छन्, जुन सरकारले निर्माण गरेका ऐन नियमसँग पनि मेल खाँदैनन् ।

माडीमा संचालनमा रहेका सामुदायिक वा निजी स्तरका होमस्टेहरू किन होमस्टेको वास्तविकताभन्दा केही पर हुँदै अगाडि बढिरहेका छन् ? भन्ने सम्बन्धमा पर्यटनसम्बन्धी काम गर्ने नेपाल सरकारका सम्बन्धित पक्षहरू, स्थानीय सरकार, पर्यटन र होमस्टेका नाममा संचालित केही गैरसरकारी संघसंस्थाहरू रहेका देखिन्छ ।

उनीहरूले त्यहाँ होमस्टेका लागि छुट्टै टहरा वा साना घर बनाउन आर्थिक सहयोग गरेका छन् । ती टहराहरूलाई होमस्टेको अवधारणाविपरीत ससाना लजको झैं सुविधायुक्त बनाउन सिकाएको बुझिन्छ । केहीले होटेल व्यवसायीलाई झैं खाना बनाउने र







नयाँ परिकार बनाउने तालिम दिएको बुझिन्छ । होमस्टेका पाहुनाहरू होटेल, रिसोर्ट वा लजमा बसेझैं खान, बस्न, रमाउन स्वतन्त्र छन् । उनीहरू आफ्नो इच्छा र चाहनाअनुसारको सुविधा उपभोग गरी बस्न सक्छन् । केही होमस्टेहरू त शहरी क्षेत्रका होटेल, लजलगायतको झैं अवैध रूपमा केहीबेरका लागि हुने यौन धन्दाका निमित्त पनि उपलब्ध भएका भेट्टाइन्छ ।

विभिन्न जातजाति, जस्तै : थारू, मगर, बोटेलगायतकाले संचालनमा ल्याएका होमस्टेहरू सामुदायिक भनिए पनि अधिकांशको सहकार्य होमस्टे स्थापनाका विधि विधानअनुसार भएको देखिँदैन । माडीका होमस्टेहरूले माडीका सांस्कृतिक र प्राकृतिक पक्षहरूलाई समेटर होमस्टे पाहुनाहरूलाई प्रभावित गर्न सकेका पनि भेटिँदैन । त्यसैले, यहाँका होमस्टेहरूमा होमस्टे संस्कृतिमा रमाउने विदेशीहरू प्रायः आएका देखिँदैन भने नेपालीहरू विविध कारण र जग्गा कारोबारका लागि नै बढी गएको देखिन्छ । केही सरकारी वा गैरसरकारी संघसंस्थाहरू पनि सजिलो र सस्तोका लागि होमस्टेमा बसेका देख्न पाइन्छ ।

माडीका होमस्टेहरूको यस किसिमको रूप स्थानीय जाति, संस्कृति, परम्परा, धर्म, प्रचलित सामाजिक अवस्थालाई नाश गर्दै लाने प्रवृत्तितर्फ उन्मुख भएको छ भन्न सकिन्छ । हाललाई केही आर्थिक फाइदा मात्र देख्ने समूह र व्यक्तिहरूले यसलाई नकारात्मक टिप्पणी भने पनि कालान्तरमा वा केही वर्षपछि त्यसका दोषहरू क्रमशः देखिन थाल्छन् ।

विश्व पर्यटनमा पर्यटकीय विकास र होमस्टे मौलाएका भनिएका धेरै स्थानहरू अहिले बदनाम भएका छन् र कतिलाई बन्द नै गरी नयाँ संरचनाको सुरुवातसमेत गरिएका छन् । दिगो पर्यटन र होमस्टेको वास्तविकतालाई सुरुको अवस्थादेखि नै कार्यान्वयन गर्न र गराउन सके भविष्यका लागि सहज र निरन्तर फलदायी भई चलिरहने छन् । यो दायित्व मुख्य रूपमा स्थानीय सरकार र होमस्टे संचालन गर्नेहरूको पनि हो । धार्मिक र सांस्कृतिक पर्यटनको विशेष गन्तव्य बनाउन सकिने र त्यसका सकारात्मक पक्ष बढ्दै गएको माडीको होमस्टे विश्व होमस्टेको स्तरमा फैलिन र फैलाउन सक्नु सबैको चाहना र सम्बन्धितको दायित्व बन्नुपर्छ, जुन माडीको विकास र आर्थिक भविष्यको मुख्य स्रोत बन्न सक्छ ।


हार्दिक शुभकामना

बसन्त ऋतुको आगमनसँगै
नवीन उल्लास एवम् आशा लिएर आउने
नयाँ वर्ष २०८२ को
उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका
साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण
नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य,
दिर्घायु समृद्धिको
शुभकामना
व्यक्त गर्दछौं ।

नबराज के. सी.
अध्यक्ष, तथा

प्याराडाइज इण्टरनेशनल प्रा. लि.
परिवार
बखुन्डोल, ललितपुर, फोन: ५५३४०४२, ५५२२०६३

हार्दिक शुभकामना

नयाँ वर्ष २०८२ को
उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार
व्यवसायी मित्रहरु, स्वदेश तथा विदेशमा
रहनु हुने श्रमिकहरु एवम् सम्पूर्ण
नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य,
दीर्घायू एवम् समृद्धिको
शुभकामना
व्यक्त गर्दछौं ।

वाइ वी राई
प्रवन्ध निर्देशक तथा

इण्टरनेशनल मेनपावर रिक्रुटमेण्ट प्रा. लि.
परिवार
ग्वार्को, ललितपुर, नेपाल, फोन: ५२०४३४६, ५२०४३४७, ५२०४३४८

# बिकाउन सकिन्छ नेपाली सीप

नेपाली हस्तकला र परम्परागत सीपको बजारीकरण केवल आर्थिक दृष्टिकोणबाट हेर्नु हुँदैन । यो हाम्रो पहिचान, स्वाभिमान र सांस्कृतिक उत्तराधिकारसँग गाँसिएको विषय हो । जब हाम्रा हातले बनाएका कलात्मक वस्तुहरु विश्व बजारमा चम्कन्छन्, तब त्यो केवल एउटा उत्पादनको व्यापार हुँदैन- त्यो हाम्रो संस्कृति र इतिहासको पनि विश्वव्यापीकरण हुन्छ...



चन्द्रबहादुर बस्याल

नेपाल भ्रमण गर्ने विदेशी पर्यटकहरुका लागि नेपाली हस्तकला एउटा प्रमुख आकर्षण हो । नेपालबाट हस्तकला किनेर लैजान सजिलो बनाउने व्यवस्था गर्न सकियो भने उनीहरु स्वदेश फर्किएपछि पनि नेपाली उत्पादनको प्रचारक बन्न सक्छन्

नेपाली हस्तकला तथा सीप हाम्रो मौलिक संस्कृति, पहिचान र जीवनशैलीसँग गहिरो रूपमा गाँसिएको विषय हो । नेपाल विविध जातजाति, भाषा, वेशभूषा र परम्परागत सीपले भरिपूर्ण मुलुक हो । हाम्रा गाउँ-शहरका सुनार, लोहार, दर्जी, ताम्राकार, जुत्ता बनाउने, हातले बुन्ने, ढाका कपडा तयार गर्ने, काठका सामान बनाउने, माटोका भाँडा बनाउने, धातुका मूर्ति कोर्ने, थांका चित्र बनाउने, ढोल, मादल, सारंगी निर्माण गर्नेजस्ता थुप्रै सीप परम्परादेखि पुस्तान्तर हुँदै आएको छ ।

अहिले विशेषगरी विश्व बजारमा सुनका गहना, कलात्मक काठका सामग्री, माटोका सामग्री, ढुंगाका कलात्मक सामग्री, सिसाका सामग्रीको माग निकै उच्च छ, जुन कुराहरू निर्माणमा नेपालीहरू सक्षम छन् ।

पछिल्ला दशकहरूमा यी हस्तकलाहरूको माग र बजार कमजोर हुँदै गएको पनि पाइन्छ । तर, यी सामग्रीहरू बजारीकरण गर्न भने नेपालीहरू चुकिरहेका छन्, जसको मुख्य कारण भनेको आधुनिक उत्पादन प्रणाली, सस्तो सामानको आयात र बजारसम्म सीपको पहुँच नहुनु हो । उत्पादन भएका वस्तुहरूलाई उपभोक्ता वा ग्राहकसम्म पुऱ्याउने, उनीहरूलाई तिनको मूल्य, महत्त्व र मौलिकता बुझाउने प्रक्रिया बजारीकरण हो । नेपाली हस्तकला र परम्परागत सीपको बजारीकरण गर्न सकिएमा, यिनले हाम्रो सांस्कृतिक पहिचान जोगाउने मात्र होइन, ठूलो संख्यामा रोजगारी सिर्जना गर्ने, युवाहरूलाई आफ्नै मुलुकमा सिर्जनशील बन्ने प्रेरणा दिने, पर्यटनको माध्यमबाट विदेशी मुद्रा आर्जन गर्ने र ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउने सामर्थ्य राख्छ ।

यसका लागि पहिलो आवश्यकता हो- उत्पादनमा गुणस्तर र प्रविधिको प्रयोग । सँगै, परम्परागत डिजाइन र ढाँचालाई आधुनिक सौन्दर्यबोधसँग जोडेर आकर्षक बनाउनु पनि उत्तिकै आवश्यक छ । उदाहरणका लागि, ढाकाको कपडालाई आधुनिक फेसनमा ढालेर बजारमा ल्याउन सकिन्छ, जसमा केही नेपाली ब्रान्डहरूले प्रयास गरिरहेका छन् ।

थांका चित्रकला, पस्मिना, धातुका मूर्ति, काठका कलात्मक सामग्रीहरूलाई पनि नयाँ डिजाइनमा प्रस्तुत गर्न सकिन्छ, जसले विशेषगरी हहरी तथा अन्तर्राष्ट्रिय बजारलाई आकर्षित गर्न सक्छ ।

यसैगरी दोस्रो महत्त्वपूर्ण पक्ष हो- बजारमा पहुँच । गाउँघरका साना उद्यमी तथा सीपकारसँग बजारको जानकारी, पहुँच र प्रवर्द्धन गर्ने साधन हुँदैन । त्यसैले, सरकार र निजी क्षेत्रबीचको सहकार्यमा स्थानीय हस्तकलाका उत्पादनहरूलाई डिजिटल प्लेटफर्म, अनलाइन मार्केट, सामाजिक संजाल र ई-कमर्स साइटमार्फत विक्री प्रवर्द्धन गर्न सकिन्छ । नेपाली हस्तकलाका लागि विशेष स्टोरहरू, पर्यटक क्षेत्रहरूमा शो-रुम, प्रदर्शनी मेलाहरूको आयोजना र विदेशी बजारसम्म निर्यातको पूर्वाधार निर्माण हुनुपर्छ ।

तेस्रो पक्ष हो- सीप संरक्षण र पुस्तान्तरण । अहिलेका युवा पुस्ता यस्ता परम्परागत सीप सिक्नभन्दा वैदेशिक रोजगारीलाई प्राथमिकता दिन्छन् किनभने तिनमा तत्काल आम्दानी देखिँदैन । तर, यदि यी सीपलाई व्यवसायीकरण गरियो, व्यावसायिक तालिममार्फत युवालाई दक्ष बनाइयो भने उनीहरू गाउँमै बसेर पनि सम्मानजनक जीवनयापन गर्न सक्छन् ।

यसका लागि सीपमूलक तालिम, प्राविधिक सहयोग, स्टार्टअप प्रोत्साहन, सस्तो ऋण, बजार पहुँच, ब्रान्डिङ र सरकारी सहुलियत आवश्यक हुन्छ ।

साथै, अन्तर्राष्ट्रिय बजारमा नेपाली हस्तकलाको पहिचान स्थापित गर्न पनि दीर्घकालीन रणनीति आवश्यक छ । 'मेड इन नेपाल' भन्ने ब्रान्डलाई गुणस्तरीय र विश्वसनीय बनाउँदै लैजानुपर्छ । नेपाल भ्रमण गर्ने विदेशी पर्यटकहरूका लागि नेपाली हस्तकला एउटा प्रमुख आकर्षण हो । यसलाई नेपालबाट हस्तकला किनेर लैजान सजिलो बनाउने व्यवस्था गर्न सकियो भने उनीहरू स्वदेश फर्किएपछि पनि नेपाली उत्पादनको प्रचारक बन्न सक्छन् ।यस्ता उत्पादनहरूलाई उपहारका रूपमा प्रयोग गर्ने, सजावटका सामग्री बनाउने चलन विश्वभर बढ्दै गएको छ, जसले गर्दा नेपाली हस्तकलाको माग पनि बढ्न सक्छ ।

अन्ततः नेपाली हस्तकला र परम्परागत सीपको बजारीकरण केवल आर्थिक दृष्टिकोणबाट हेर्नु हुँदैन । यो हाम्रो पहिचान, स्वाभिमान र सांस्कृतिक उत्तराधिकारसँग गाँसिएको विषय हो । यिनलाई व्यावसायिक सफलता र राष्ट्रिय गौरवको रूपमा अगाडि बढाउनु आजको आवश्यकता हो । जब हाम्रा हातले बनाएका कलात्मक वस्तुहरू विश्व बजारमा चम्कन्छन्, तब त्यो केवल एउटा उत्पादनको व्यापार हुँदैन- त्यो हाम्रो संस्कृति र इतिहासको पनि विश्वव्यापीकरण हुन्छ । त्यसैले, समयमै सही रणनीति अपनाएर नेपाली हस्तकला र सीपलाई आधुनिक बजारसँग जोड्न सके, नेपाल केवल सगरमाथाको देश भनेर होइन, कला र सीपको खानी भनेर पनि चिनिने छ ।



नागरिक लगानी कोषका कार्यक्रममा सहभागी होऔं !
अवकासपछिको जीवन सुरक्षित बनाऔं !!

कोषका अवकास योजना/कार्यक्रमहरू :
- कर्मचारी बचत वृद्धि अवकास कोष
- उपदान तथा पेन्सन योजना
- लगानीकर्ता अवकास कोष योजना
- राष्ट्रसेवक कर्मचारीको जीवन बीमा कोष
- नागरिक एकांक योजना
- नागरिक पेन्सन योजना
- नेपाल कृषि अनुसन्धान परिषद् बीमा कोष

विस्तृत जानकारीका लागि :
कोषको वेबसाइट www.nlk.org.np मा हेर्नु हुन,
टेलिफोन नम्बर ०१ - ५९७०२०१ मा सम्पर्क गर्नु हुन ।

नागरिक लगानी कोष
केन्द्रीय कार्यालय
नयाँ बानेश्वर, काठमाडौं ।

हार्दिक शुभकामना

नयाँ वर्ष २०८२ को उपलक्ष्यमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति सुस्वास्थ्य, दीर्घायू एवम् समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।

विष्णु के.सी.
प्रवन्ध निर्देशक
तथा
आकर्षण इण्टरनेशनल प्रा. लि., परिवार
शम्भु मार्ग, आकर्षण भवन (एयरपोर्ट नजिक), काठमाडौं, फोन नं.: ०१-४४५८७०१



# डिजिटलाइजेसनसँगै अन्तर्राष्ट्रियकरण



जीवन शर्मा

चुनौतीका बाबजुद नेपाली पत्रकारिता नयाँ प्रविधि, इनोभेसन र अन्तर्राष्ट्रिय सहकार्यमार्फत अघि बढ्न सक्छ । मेटावर्स, कृत्रिम बुद्धिमत्ता अर्थात् एआई, डेटा पत्रकारिता, मोबाइल पत्रकारिता, क्राउड सोर्सिङ, भिडियो ब्लगिङ आदि विधिहरू समेटन सके नेपाली पत्रकारिता अझ सशक्त बन्ने छ

'पत्रकारिता समाजको ऐना हो' भन्ने भनाइलाई सार्थक तुल्याउन नेपाली पत्रकारिताको इतिहासका विभिन्न चरणहरूमा महत्त्वपूर्ण योगदान छ । नेपाली पत्रकारिता बहुभाषिक, बहुसांस्कृतिक समाजको प्रतिनिधि हो । यसले जनताको आवाज उठाउने, सरकारी नीतिमा निगरानी राख्ने, मानवअधिकार संरक्षणको पक्षमा बोल्ने र भ्रष्टाचारविरुद्ध लड्ने कार्यमा महत्त्वपूर्ण भूमिका खेलेको छ ।

विशेषगरी विपद्, निर्वाचन, जनआन्दोलन, मानवअधिकार उल्लंघन, अन्तर्राष्ट्रिय सम्बन्ध जस्ता विषयमा गरिएको खोजमूलक रिपोर्टिङले नेपाली पत्रकारिताको स्तर उच्च बनाएको छ। नेपालमा पत्रकारिताको प्रारम्भ १९५८ सालमा भएको थियो ।

सुरुमा गोरखापत्र (तत्कालीन 'गोर्खापत्र') सरकारी मुखपत्रका रूपमा प्रकाशन भए पनि यसले नै नेपाली मुद्रण पत्रकारिताको जग हालेको इतिहास छ। त्यसयता २००७ सालको प्रजातन्त्र स्थापनासँगै पत्रकारितामा विस्तारको नयाँ युग सुरु भएको देखिन्छ। निजी र स्वतन्त्र पत्रपत्रिकाहरू प्रकाशन हुन थाले, जसले जनताको आवाज उठाउन थाले ।

२०१७ सालमा पञ्चायती व्यवस्था स्थापनापछि प्रेस स्वतन्त्रतामा निकै अंकुश लगाइयो । त्यसबेला सरकारी नियन्त्रणमा रहेका मिडियाले मात्र काम गर्न पाउने अवस्था थियो। तर, २०४६ सालको जनआन्दोलनले बहुदलीय व्यवस्था ल्याएपछि पत्रकारितामा फेरि स्वतन्त्रता प्राप्त भयो। त्यसपछि निजी लगानीका ब्रोडसिट पत्रपत्रिकाहरू आए ।

इलेक्ट्रोनिक मिडियाको सुरुवातसँगै टेलिभिजन, रेडियो र अहिलेसम्म आइपुग्दा अनालाइन संचार माध्यमहरूले फड्को मारिसकेका छन्।

कुनै समय पत्रकारिता केवल सत्ताको प्रचार माध्यम भएको आरोप लाग्ने गरे पनि यसले जनताको आवाज बनेर लोकतन्त्रको संवाहकको भूमिकामा उत्रिएको छ । पछिल्लो समय प्रविधिको विकाससँगै पत्रकारिता नेपाल वा कुनै निश्चित भूगोलमा सीमित रहेन । नेपाली पत्रकारिताले विश्वबजारमा पनि आफ्नो प्रभाव विस्तार गरिरहेको छ ।

विदेशमा रहेका नेपालीहरूले समेत त्यहीँबाट सहज रूपमा अनालाइन संचार माध्याम चलाएर पत्रकारितालाई व्यावसायिकतातर्फ डोहोऱ्याउने काम गरिरहेका छन्। नयाँ प्रविधिहरू, जस्तै : मोबाइल पत्रकारिता, भिडियो पत्रकारिता र पोडकास्टले पत्रकारितामा नयाँ आयाम थपेका छन्। यी प्रविधिहरूले पत्रकारिताको पद्धति र संचारको प्रक्रिया अत्यधिक परिवर्तन गरेका छन् । यसले विश्व बजारमा पत्रकारिताको हैसियत बृद्धि भइरहेको छ भन्न कुनै हिच्किचाहट छैन ।

नेपाली पत्रकारिता प्रभावकारी बनाउन अनुसन्धानमूलक र डिजिटल पत्रकारितातर्फ लाग्नुपर्ने अहिलेको अवस्था छ। यसले अझ पत्रकारिताको क्षेत्र विस्तार विकासमा नयाँ आयाम थप्छ भन्ने विश्वास लिन सकिन्छ, जसले प्रेस स्वतन्त्रता, व्यावसायिकता, र अन्तर्राष्ट्रियकरणमा टेवा पुग्छ । अहिले नेपाली पत्रकारहरूले अन्तर र्राष्ट्रिय मिडियामा काम गर्दै देशको प्रतिनिधित्व गरिरहेका छन्। बीबीसी, सीएनएन, भ्वाइस अफ अमेरिका, अल जजिरा, डच वेललगायत अन्तर्राष्ट्रिय संचार माध्यममा नेपाली भाषा र मुद्दालाई स्थान दिन थालिएको छ ।

पछिल्लो समय नेपालका पत्रकारहरूद्वारा बनाइएका केही डकुमेन्ट्री र रिपोर्टहरूले अन्तर्राष्ट्रिय अवार्ड जित्न सफल भएका छन् । भूकम्पपछिको खोजमूलक रिपोर्टिङ, बालश्रम र मानव बेचविखनबारेका रिपोर्टहरूले अन्तर्राष्ट्रिय ध्यान तानेका छन्। यसले नेपाली पत्रकारिताको विषयवस्तुमा विश्वसनीयता बढाएको संकेत गर्छ ।

विदेशमा रहेका नेपालीहरूको संख्या लाखौंमा पुगेको छ। तिनीहरूको समाचार, भावना र सरोकार बोकेर विभिन्न मुलुकमा नेपाली मिडिया संचालन भइरहेका छन् । अन्तर्राष्ट्रिय नेपाली समुदायका लागि संचालित डिजिटल रेडियो, टेलिभिजन, पोडकास्ट, अनलाइन न्युज पोर्टलहरूले नेपाली भाषा, संस्कृति र विचारहरूको संरक्षणसँगै नेपालसँगको सम्बन्धलाई बलियो बनाउने कार्यमा इँटा थपेका छन् ।

## डिजिटल युग

विक्रमको २०६० को दशकपछि इन्टरनेटको पहुँच बढ्दै जाँदा अनलाइन पत्रकारिता पनि विकसित हुँदै गयो । अनलाइन न्युज पोर्टलहरू, ब्लग, युटचुब च्यानल, सामाजिक संजालमार्फत सूचना सम्प्रेषणले पत्रकारिताको स्वरूप नै परिवर्तन गरिदिएका छन् ।

त्यस्तै, फेसबुक, ट्वीटर, इन्स्टाग्राम जस्ता सामाजिक संजाल प्लेटफर्महरूको प्रयोग पत्रकारिता क्षेत्रमा महत्त्वपूर्ण भएको छ। पत्रकार र समाचार संस्थाहरू आफ्ना सामग्रीलाई ती प्लेटफर्महरूमा साझा गरेर पाठकहरूसम्म पुऱ्याउने गर्छन्। यसले समाचारको पहुँचलाई व्यापक बनाएको छ र समाचारलाई विभिन्न दृष्टिकोणबाट प्रस्तुत गर्नका लागि अवसर प्रदान गरेको छ ।

योसँगै विश्लेषणात्मक र अनुसन्धानमुलक पत्रकारिता अधिक लोकप्रिय र विश्वासिलो हुँदै गएको छ। पत्रकारिताले समाचार संकलनको काम मात्र नभई समसामयिक घटनाहरूको गहिरो विश्लेषण र समीक्षासम्म गर्ने र अनुसन्धानलाई सहयोग पऱ्याउने काम पनि गरेको छ। नागरिकलाई तथ्यपूर्ण र प्रमाणित जानकारीसहित दिइने सूचना तथा जानकारीले विश्वसनीयतामा अझै बल पुग्ने भएकाले अबको पत्राकारिता खोजमूलक पत्रकारितालाई प्राथमिकता दिनु अनिवार्य भइसकेको छ ।

भ्रष्टाचार, मानवअधिकार उल्लंघन, सरकारका कमजोरीहरू उजागर गर्न खोज पत्रकारितामा जोड दिनुपर्छ । त्यस्तै, तथ्यांक र प्रविधि प्रयोग गरेर अनुसन्धान गर्ने अभ्यासलाई अझ तिखार्दै लैजानु अहिलेको आवश्यकता हो ।

नेपाली पत्रकारिताले अन्तर्राष्ट्रिय स्तरका ब्लग, पोडकास्ट र वेबिनार प्रविधिलाई अपनाउन सकिन्छ । यसले मिडियाको विश्वसनीयता र पारदर्शिता सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेल्ने छ ।

अन्तर्राष्ट्रिय संस्थाहरूले नेपाली पत्रकारितालाई, विशेषगरी राजनीतिक संकट, जनआन्दोलन, भूकम्प, मानवअधिकार उल्लंघन, अपराध, भ्रष्टाचार न्यूनीकरणलगायतका सवालमा निडरताका साथ रिपोर्टिङ गर्ने निकायका रूपमा हेर्ने गरेका छन् । लामो समयदेखिको दबाब र नियन्त्रणबीच पनि जनताका पक्षमा बोल्ने इतिहास बोकेको नेपाली पत्राकारिताले लोकतन्त्र र नागरिक सचेतनाको विकासमा उल्लेखनीय भूमिका खेलेको अन्तर्राष्ट्रिय रूपमा स्वीकारिएको छ ।

नेपाली पत्रकारितालाई विश्व बजारमा एउटा विकसित हुँदै गएको, संघर्षशील तर सम्भावनायुक्त पेसाका रूपमा हेर्न थालिए पनि अझ पारदर्शिता, निष्पक्षता र प्रेस स्वतन्त्रताको संरक्षणका लागि सर्वपक्षीय सहकार्यले मात्र पत्रकारिताको छवि अझ उज्यालो बनाउन सकिन्छ ।

## समस्या र चुनौती

नेपाली मिडिया जगत्मा योसँगै केही नकारात्मक प्रभावसमेत देखिएको छ । खासगरी राजनीति र ठूला व्यवसायीहरूबाट प्रभावित भएकाले निष्पक्षतामाथि प्रश्न उठ्न थालेको छ।

यो चुनौतीका बीच विदेशमा रहेका नेपालीहरूले नेपाली मिडियालाई आफ्नो मूल देशसँग जोड्ने प्रमुख माध्यम बनाउन कन्टेन्टहरूमा पारस्परिक सहकार्यको आवश्यकता देखिन्छ । पत्रकारितामाथि अनावश्यक प्रतिबन्ध लगाउने कानुनहरू ल्याउने विषयमा सरकारलाई सचेत गराउने, पत्रकारमाथि हुने हिंसा, धम्की तथा राजनीतिक हस्तक्षेप रोक्न स्पष्ट नीतिहरू ल्याउनुपर्छ भने स्वतन्त्र पत्रकारिता टिकाई राख्न वैकल्पिक आम्दानी स्रोतहरू (सदस्यता मोडेल, डोनेसन, क्राउड फन्डिङ) अपनाउनु जरुरी छ ।

नेपाली समाचारलाई अन्तर र्राष्ट्रिय पाठकका लागि अंग्रेजी र अन्य भाषामा अनुवाद गर्ने अभ्यासको सुरुवात भइसकेको छ। यसलाई अझ बलियो बनाउँदै लौजानु पनि अनिवार्य भइसकेको छ ।

तर, चुनौतीका बाबजुद नेपाली पत्रकारिता नयाँ प्रविधि, इनोभेसन र अन्तर्राष्ट्रिय सहकार्यमार्फत अघि बढ्न सक्छ। मेटावर्स, कृत्रिम बुद्धिमत्ता अर्थात् एआई, डेटा पत्रकारिता, मोबाइल पत्रकारिता, क्राउड सोर्सिङ, भिडियो ब्लगिङ आदि विधिहरू समेट्न सके नेपाली पत्रकारिता अझ सशक्त बन्ने छ ।






शुभ रहोस्
नयाँ वर्ष २०८२
नयाँ वर्ष २०८२ को
उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका
साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण
नेपालीहरुमा सुख, शान्ति सुस्वास्थ्य,
दीर्घायू एवम् समृद्धिको
शुभकामना व्यक्त गर्दछौं ।
केदारनाथ अधिकारी
प्रबन्ध निर्देशक
तथा
EMPOWER HUNTR HR SOLUTION PVT. LTD
Sinamangal-9 (Opposite Hope Hospital), Kathmandu, Nepal
Tel no 014588265, Email : empowerhr1150@gmail.com

हार्दिक शुभकामना
बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवम् आशा लिएर आउने
नयाँ वर्ष २०८२ को
उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका
साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा
सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु एवम् समृद्धिको
हार्दिक शुभकामना
व्यक्त गर्दछौं ।
दिल श्रेष्ठ
प्रवन्ध निर्देशक तथा
अल सेक्युर म्यानपावर रिक्रुटमेन्ट प्रा. लि.
परिवार
सिनामंगल, काठमाडौं, नेपाल, फोन: ४५९२९००, ४५९०८००

नयाँ वर्ष २०८२
को शुभकामना
बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवम् आशा लिएर आउने
नयाँ वर्ष २०८२ को उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार
व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण
नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु, भातृत्व एकता एवम्
समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
चोलाकान्त पंगेनी
सभापति, तथा
नेपाली कांग्रेस जनसम्पर्क समिति, मलेसिया
एवं
पंगेनी ह्युमन रिसोर्स प्रा. लि.
परिवार
सामाखुसी, काठमाडौं, नेपाल, फोन: ०१-४३८६६००, ४३८६२०४

हार्दिक शुभकामना
नयाँ वर्ष २०८२
बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवं आशा
लिएर आउने नयाँ वर्ष २०८२ को उपलक्ष्यमा सम्पूर्ण
वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा
विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति
सुस्वास्थ्य, दीर्घायू, भातृत्व एकता एवं समृद्धिको
शुभकामना व्यक्त गर्दछौं ।
हेम गुरुङ
अध्यक्ष, तथा
एस ओ एस ग्रुप
परिवार
SOS GROUP
धापासी, काठमाडौं, नेपाल, फोन: ४३५५७४५

# विश्वमा फैलाउनुपर्ने नेपाली लोक संगीत



सन्तोष श्रेष्ठ

नेपाली लोकसाहित्य र लोकसंगीतको आफ्नै मौलिकता भए तापनि यो विश्वव्यापी भाषा भएकाले यसलाई खुम्च्याएर राख्नुहुँदैन । यसको आयतन बढेको देखेर लोकसंगीत र लोकसाहित्यकर्मीहरू लगायत सम्पूर्ण नेपालीले गौरव गर्न सकौं

लोकसाहित्य वा लोकसंगीत भन्नु लोकमा वा समाजमा प्राचीनकालदेखि चलिआएका साहित्य वा संगीत हुन् । लोकपरम्परामा रहेका यस्ता साहित्य र संगीतले समाजको परिचय मात्र दिँदैनन्, सभ्यता र संस्कार पनि सँगै बोकेका हुन्छन् । अर्थात् लोकसाहित्य वा लोकसंगीत नेपाली मौलिक संस्कृतिको परिचय हो । लोकसंगीतको आफ्नै अनि छुट्टै परिचय छ । आफ्नै विशेषता छ । लोकसाहित्य वा लोकसंगीत नेपाली समाजको मौखिक अनि मौलिक गायन परम्परा हो । लोकसाहित्यसँगै जोडिएको लोकसंगीत हरेक समाजको परिचायक हो । विशेषगरी श्रुति परम्पराका रूपमा रहेका लोकसंगीतलाई प्रविधिको विकाससँगै रेकर्ड गरी आमजनसम्म पुर्‍याउन थालिएपछि यसको व्यापकता बढेको पाइन्छ ।

लोकसंगीतको सबैभन्दा सबल पक्ष भनेको यो जनजनका जिब्रोमा सजिलै झुन्डिने खालको हुन्छ । हरेकले आफ्नो महसुस गर्ने भाका, शब्द र शैली लोकगीतमा हुन्छ। यो लोकगीत, संगीतको शक्ति हो । अझ भन्नु पर्दा यसको सबैभन्दा सुन्दर पक्ष भनेको सरलता, कोमलता र हार्दिकता हो ।

यो कोमल हृदयको सूक्ष्म मिठाससहितको माधुर्य तरंग हो । सबै उमेर समूहका श्रोताले सजिलै टिप्न सक्ने भाका वा लय र शब्द अनि शैलीको प्रयोगका कारण लोकसंगीतले मानिसलाई छपक्कै छुन्छ। आफूतिर आकर्षित गर्छ। अत्यन्त सरल र सजिलै बुझिने शब्दको प्रयोग हुनुले पनि लोकगीत, संगीतलाई धेरैले रुचाउँछन् ।

लोकसंगीतको अर्को विशेषता के छ भने, यसले समाजका कथा, व्यथा, दुःख र विरहलाई मार्मिक ढंगले प्रस्तुत गर्छ । सोझै भन्न नसकिने यस्ता विषयलाई कलात्मक रङ दिएर गायक/गायिकाले प्रस्तुत गर्दा समाजका पीडा र दुःख बुझ्न सहज हुने गर्छ। कतिलाई रुवाइदिन्छ । कतिलाई हँसाइदिन्छ । यसको तागत थाहै हुँदैन ।

नेपाली लोकसंगीतको सन्दर्भमा कुरा गर्दा यसको क्षेत्र फराकिलो देखिन्छ। नेपाली लोकगीतका अनेक रूप, प्रभेद र विषय छन्। जसरी नेपाली भूगोल, संस्कृति र सभ्यता समाज अनि समुदायपिच्छे अलगअलग छन्, त्यसरी नै लोकसंगीतका क्षेत्र पनि आ-आफ्नै प्रकारका छन्। यसको आयतन व्यापक छ।

सुदूरपूर्वको भूगोल र समाजमा त्यहींका समाज, सभ्यता र समुदायअनुसारका लोकसंगीत छन् भने बीचको क्षेत्रमा सोहीअनुसारका र गण्डकी, लुम्बिनी, राप्ती, कर्णाली र सुदूरपश्चिममा सोही भूगोल, सभ्यता, समाज र समुदायअनुसारका लोकसंगीत छन् । यी सबैका आ-आफ्नै विशेषता छन्। सबै एकअर्कामा नजिकै छन् तर भिन्न पनि छन्।

प्रत्येक भूगोल र समाजले आ-आफ्ना लोकसंस्कृति र परम्परालाई लोकगीत, संगीतमा झल्काउने गरेका हुन्छन् । सोहीअनुसारका शब्द, भाका र शैली आफ्ना लोकसंगीतमा प्रस्तुत गर्छन् । प्रस्तुति शिष्ट अनि शालीन हुन्छ । हाम्रो नेपाली भूगोल मूलतः ३ खण्डमा विभाजित छ- हिमाली, पहाडी र तराई । यी तीनै खण्डमा आफ्नै खालका सभ्यता, भाषा, परम्परा र संस्कृति विद्यमान छन् । सोहीअनुसारकै लोकसंगीत र साहित्य हुनु स्वाभाविक हो । अनेकताभित्र एकता झल्किएको पाइन्छ लोकसंगीतमा । नेपालको उत्तरी भागमा हिमाली क्षेत्र छ। यहाँ विशेषगरी लामा, शेर्पा जातिहरू बसोबास गर्छन् । यस क्षेत्रमा बसोबास गर्ने लामा, शेर्पा, गुरुङ, तामाङ आदि जातिहरूका आफ्नै किसिमका लोकगीत छन्। यिनीहरूसँग लोकसंगीतमा सेब्रु गीत छ।

यिनीहरू ल्होसार, मनिरिम्बु, दुम्जे आदि चाडपर्वमा स-साना गीतदेखि लामा-लामा धार्मिक गीत गाउँछन्। यिनीहरूका वाद्ययन्त्रमा ढ्यांग्रो, झ्याली, घण्टी, लाभा, चोसरंगा, स्वगचाम, शंख, डम्फु, नगरा, टुङ्ना आदि प्रमुख छन्। यसरी नै हिमाल र तराईका बीचमा रहेको भूगोल छ- पहाड । आफ्नै किसिमको मौलिक पहिचान र परम्परा रहेको पहाडी भेगमा पनि विभिन्न जातजाति र संस्कृतिका मानिस बसोबास गर्छन् । यहाँका हरेकजसो जातजातिका आ-आफ्नै लोकपरम्परा, साहित्य र संगीत छन् ।

यहाँका लोकगीतहरूमा आफ्नै किसिमको संस्कृतिको प्रभाव देखिन्छ। पहाडमा ब्राह्मण, क्षेत्री, मगर, गुरुङ, तामाङ, दलित आदि जातजाति बसेका छन्। फरक-फरक समुदायमा पनि हामी एकै हौं भन्ने भावना कायमै छ । आ-आफ्ना जातीयता र संस्कार, संस्कृति अनि विशेषता झल्काउने लोकगीतहरूलाई आफ्नै भाषा र भाकामा पहाडका समुदायले प्रस्तुत गर्ने गरेका छन् । हिन्दुहरूले दसैंमा मालश्री, तिहारमा देउसी-भैली, विवाहमा रत्यौलीसँगै बालन, सँगिनी, सोरठी र कर्खा आदि गाउने गरेका छन् । पूर्व पहाडमा झ्याउरे, सेलो, धाननाच, हुर्रे, चण्डी, सँगिनी, बेठी, समला, चण्डी, बिरानी आदि प्रचलित लोकसंगीत हुन्। यस भेगमा जुहारी, दोहोरी, चाडपर्व, उत्सव, जात्राहरूमा समय र परिस्थितिअनुसार विभिन्न लोकबाजाको प्रयोगसमेत गरिन्छ ।

देशको भूगोलको तेस्रो खण्ड हो- तराई । यो तराई खण्ड समतल, घना बस्ती भएको र फाँट रहेको क्षेत्र हो । हिमाली, पहाडी क्षेत्रका मानिस बसाइँ सर्ने तथा विशेषगरी दक्षिणी भारतीय क्षेत्रको प्रभाव रहने तराई खासमा सबै संस्कृति, सभ्यता र परम्पराको साझा स्थल जस्तो लाग्छ। तराईमा बसोबास गर्ने नेपालीमध्ये मैथिली, भोजपुरी, थारू, सतार, राजवंशी, कोचे, मेचे, धिमाल जस्ता आदिवासीको विशेष स्थान देखिन्छ। तराईका लोकगीतहरूमध्ये मैथिली, भोजपुरी, धिमाल, झाँगड, झिझिया, गौना, होरी, रसिया आदि प्रसिद्ध छन् । तराईमा पनि आफ्नै प्रकारका लोकबाजा छन् । जस्तो कि ढोलक, मुरली, बाँसुरी, उर्नी, गोमना, तुझाई, पश्चिमा, मादल, तबला, चाप, झ्याली, दोदरा, झाँझर, मुजुरा, कठताल, चिम्टा, तासा, एकतारे र नागबेली तराईका प्रचलित लोकबाजा हुन्। यिनका अतिरिक्त देशको बीचको भूगोल देशको राजधानीसमेत रहेको क्षेत्र काठमाडौं उपत्यकामा पनि अनेक लोकसंस्कृति र परम्परा अनि लोकगीत, संगीत छन्। काठमाडौं उपत्यकामा विशेषतः नेवार समुदायको सांस्कृतिक रूपमा अग्रता, बाहुल्य र विशिष्टता पाइन्छ । तामाङ समुदायको पनि आफ्नै विशिष्टता पाइन्छ यहाँ ।

नेवार र तामाङका विशिष्ट संस्कृति, संस्कार र भाषा पाइने यहाँका नेवारहरूका आफ्नै लोकपरम्परा छन् भने तामाङका पनि आफ्नै खालका लोकपरम्परा, संगीत र साहित्य पाइन्छन्। आफ्नै जीवनशैलीमा रमाउने यहाँका नेवार र तामाङ जातिका चाडपर्व, उत्सव, जात्रा, रीतिरिवाज, चालचलनमा आफ्नै मौलिकता झल्किन्छ ।

यहाँका नेवार जाति 'षोडसो लास्य' नामका १६ प्रकारका नाचगानका देवतालाई पूजा गर्छन् । चर्या, महाकाली, लाखे नाच, नवदुर्गा नाच, देवी नाच, कुमारी नाच जस्ता नाचमा सुन्दर गायन प्रस्तुत गरिन्छ ।

नेवार जातिले प्रयोग गर्ने लोकबाजा पनि आफ्नै छन् । उनीहरू खीं, मगःखीं, पच्छिमा, बाँसुरी, बय्, भुस्या, छुस्या, धिमे, नेकुबाजा, काः, पोगा, ताः र नाय्खीं आदि प्रयोग गर्छन् । यिनका छुट्टै तर फरक विशेषता जोडिएका छन्।

यस्ता सामाजिक पहिचान, सभ्यता र संस्कृतिका परिचायक लोकसंगीतको संरक्षण, प्रचारप्रसार र विश्वव्यापीकरणमा भने हामी चुकिरहेका छौं । राज्य तहका साथै सरोकारवाला सबै पक्षबाट यसको संरक्षण र संवर्द्धन अनि प्रचारप्रसारमा प्रभावकारी भूमिका देखिनु अत्यावश्यक छ तर देखिँदैन । कतिपय लोकसंगीत हराउने अवस्थामा छन् भने पछिल्लो समय लोकसंगीतका नाममा विकृति र विसंगति मौलाउँदो छ । यसको रोकथाम गर्ने दायित्व पनि राज्यको र सरोकारवालाकै हो । राज्य मौन छ ।

हामीकहाँ भएका विविध जातजाति, भूगोल र संस्कृतिका लोकसंगीत, लोकबाजा र लोकसाहित्यको प्रवर्द्धन गर्न राज्य तहबाटै प्रभावकारी र भरपर्दो कुनै निकाय खडा गर्न आवश्यक देखिन्छ । प्रज्ञाप्रतिष्ठानभित्र सामान्य एउटा विभाग जस्तो देखाएर केवल अल्मल्याउने शैलीबाट लोकसंगीतको विकास र विस्तार हुँदैन । हुनत राज्य मौन छ । प्रज्ञाप्रतिष्ठानहरूलाई केही यस्तो अधिकार छ तर ती विशुद्ध लोकसंगीतका लागि क्रियाशील हुन नसक्ने अवस्था भएकाले विशुद्ध लोकसाहित्य र संगीतमै सक्रिय रहनेगरी एउटा प्राज्ञिक निकाय आवश्यक देखिन्छ, जसले नेपाली लोकसाहित्य र लोकसंगीत अनि लोकबाजालाई विश्वस्तरमा फैलाउन सकोस्।

नेपाली लोकसाहित्य र लोकसंगीतको आफ्नै मौलिकता भए तापनि यो विश्वव्यापी भाषा भएकाले यसलाई खुम्च्याएर राख्नुहुँदैन । यसको आयतन बढेको देखेर लोकसंगीत र लोकसाहित्यकर्मीहरू लगायत सम्पूर्ण नेपालीले गौरव गर्न सकौं ।

**(श्रेष्ठ विश्व कीर्तिमानी संगीतकार हुन् ।)**




**लनगाड नगरपालिकाद्वारा जनहितमा जारी सन्देश**

- हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी रुपमा नछोडौं,
- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरीबाट हुने क्षति कम गर्न पुर्व तयारी एवं सतर्कता अपनाऔं ।

हार्दिक शुभकामना

नव वर्ष २०८२ सालको उपलक्ष्यमा आम नगरबासी, आमा–बुवा, दाजु–भाइ, दिदीबहिनीहरु, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुको सु–स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

डम्बरबहादुर राउत, नगरप्रमुख | देवका लामिछाने, उपप्रमुख | शेरबहादुर पुन, प्रमुख प्रशासकीय अधिकृत

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट, कर्णाली प्रदेश, नेपाल

**परिवर्तन गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश**

- १८ वर्ष भन्दा कम उमेरका बालबालिका लाई कुनै पनि हालतमा मधिरा जन्य पदार्थ किनबेच साथै ओसारपसार नगर्ने र नगराउने,
- घरको संरचना बलियो बनाऔं,
- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी रुपमा नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- जुवाको रुपमा खेलिने तास, ख्वारख्वारे लगायत विभिन्न प्रकारका खेलहरुलाई पूर्ण रुपमा प्रतिवन्द लगाऔं ।
- मधिरा जन्य पदार्थ किनबेच गर्नु भन्दा अगावै अनिवार्य रुपमा व्यवसाय दर्ता गरि इजाजत लिएर मात्र गर्ने,

हार्दिक शुभकामना

नव वर्ष २०८२ सालको उपलक्ष्यमा आम गाउँबासी, आमा–बुवा, दाजु–भाइ, दिदीबहिनीहरु, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुको सु–स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सुक बहादुर बुढा मगर, अध्यक्ष | प्रेम जि.एम., प्रमुख प्रशासकीय अधिकृत | कलादेवी खत्रेनी, उपाध्यक्ष

परिवर्तन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुतलाचौर, रोल्पा, लुम्बिनी प्रदेश, नेपाल

**त्रिवेणी गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी रुपमा नछोडौं,
